आज मिति २०८१ साल माघ २८ गते विहान ११:०० बजे सोमवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ४८ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | आमन्त्रित कर्मचारीहरु | | | |
| १ | श्री नेत्र बहादुर थापा | शिक्षा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री लोकेन्द्र बहादुर भण्डारी | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |

CamScanner

मिति २०८१/१०/२८ गतेको ४८ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं. १

संघीय समपुरक र विशेष योजना माग गरी पठाउने सम्न्धमा ।

प्रस्ताव नं.२

गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं.३

विभिन्न कार्यविधि, निर्देशिका र मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४

१५ शैय्या अस्पतालको डि पी आर रिभाईज गरेवापत् परामर्शदातालाई सम्झौता रकम भुक्तानी दिने सम्बन्धमा ।

प्रस्ताव नं.५

१५ शैय्या अस्पतालको फिल्ड प्राविधिकको सेवा सुविधा सम्बन्धमा।

प्रस्ताव नं.६

कालिका आधारभुत विद्यालयको पुरानो भवन भत्काउनको लागि स्वीकृति सम्बन्धमा ।

प्रस्ताव नं.७

विद्यालय अनुगमन समितिको म्याद थप तथा खर्च व्यवस्थापन सम्बन्धमा।

निर्णयहरु :

निर्णय नं १

प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाण्डौको सूचना अनुसार आ.व. २०८२।०८३ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदानका प्राप्त गर्नका लागि तपशिलका योजनाहरु छनोट गरी नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाण्डौमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

संघीय समपुरक अनुदान तर्फ

| सि.नं. | योजनाको नाम |
|---|---|
| १ | मानाकोट ठाटीकाँध विजारे धनकोट काँध सडक नयाँ निर्माण तथा स्तरोन्नती |
| २ | पुलवजार वाहाकोट मदानताल सडक नयाँ निर्माण तथा स्तरोन्नती |
| ३ | तोलिजैशि स्वास्थ्य चौकि निर्माण ठाटीकाँध ५ दैलेख |

CamScanner

संघीय विशेष अनुदान तर्फ

| सि.नं. | योजनाको नाम |
|---|---|
| १ | गैरागाउँ सिचाईकुलो निर्माण ठाटीकाँध गा पा ४ |
| २ | विजारे खानेपानी ठाटीकाँध गा पा २ |
| ३ | ~~भवानी माध्यमिक विद्यालय भौतिक पूर्वाधार निर्माण ठाटीकाँध गा पा ३~~ |

ठाँटी तल्लो भेडीपालन ज्यामीचौर धामीगाउँ पिपलचौर डाँग्रा खानेपानी निर्माण आयोजना क्रमागत ठाटीकाँध -३ दैलेख।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता संचालनको लागि रु ८ लाख विनियोजन भएकोमा सो रकम बाट गाउँपालिका स्तरिय राष्ट्रपति रनिंग शिल्डको लागि रु ४७५००० र राष्ट्रपति रनिंगशिल्ड प्रतियोगितामा सहभागी हुने विद्यालयहरुलाई सम्पूर्ण विधामा सहभागी भएमा तपशिल बमीजिम रकम विद्यालयलाई वील भर्पाइका आधारमा भुक्तानी दिने निर्णय गरियो। साथै जिल्ला स्तरिय राष्ट्रपति रनिंगशिल्ड प्रतियोगितामा सहभागी हुनका लागि रकम अपुग हुने भएकाले उक्त अपुग रकम रु ६ लाख गाउँसभाको निर्णयानुसार खर्च गर्ने निर्णय गरियो।

तपशिल

| सि नं. | विद्यालयको नाम | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | श्री कृष्ण माध्यमिक विद्यालय ठाटीकाँध गा पा १ लकान्द्र दैलेख | ४० हजार | |
| २ | श्री दशरथ माध्यमिक विद्यालय ठाटीकाँध गा पा २ प्याडुली दैलेख | ४० हजार | |
| ३ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ठाटीकाँध गा पा ३ धामिगाउँ दैलेख | ५० हजार | |
| ४ | श्री भवानी माध्यमिक विद्यालय ठाटीकाँध गा पा ३ विशाला दैलेख | ५० हजार | |
| ५ | श्री देउती माध्यमिक विद्यालय ठाटीकाँध गा पा ४ गैरागाउँ दैलेख | ५० हजार | |
| ६ | श्री मालिका माध्यमिक विद्यालय ठाटीकाँध गा पा ५ ठिमुरे दैलेख | ५० हजार | |
| ७ | श्री मालिका माध्यमिक विद्यालय ठाटीकाँध गा पा ६ पाँचला दैलेख | ४० हजार | |

निर्णय नं ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन देहाय अनुसारका विभिन्न कार्यविधि,निर्देशिका र मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

क) ठाटीकाँध गाउँपालिकाको आन्तरिक नियन्त्रण निर्देशिका, २०८१

ख) ठाटीकाँध गाउँपालिकाको कर्मचारी कल्याण कोष संचालन सम्बन्धी कार्यविधि, २०८१

ग) ठाटीकाँध गाउँपालिका विषयगत समिति संचालन कार्यविधि, २०८१

CamScanner

घ) ठाटीकाँध गाउँपालिकाको कार्य संचालन कार्यविधि,२०८१

ङ) ठाटीकाँध गाउँपालिकाको सामुदायिक विद्यालयमा करारमा शिक्षक, विद्यालय कर्मचारी र बाल विकास सहजकर्ता छनौट सम्बन्धी कार्यविधि, २०८१

च) सामुदायीक विद्यालयहरुमा रिक्तहुने विद्यालय सहायक कर्मचारी(लेखा सहायक),प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय सहयोगी कर्मचारी पदपूर्तिका लागि छनौट परीक्षाको पाठ्यक्रम तथा मापदण्ड, २०८१

निर्णय नं ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा १५ शैय्या अस्पतालको डि पी आर रिभाईज गरेवापत् परामर्शदातालाई सम्झौता रकम भुक्तानी सोहि योजनाको आयोजना व्यवस्थापन (कन्टेन्जेन्सि ) शिर्षक बाट दिने निर्णय गरियो।

निर्णय नं ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा १५ शैय्या अस्पतालको फिल्ड प्राविधिक श्री कनक बहादुर शाहीको गत आ व २०८०।०८१ मा बाँकि रेहेको र चालु आ व मा कामकाज गरेअनुसार जिल्ला दररेट अनुसार सेवा सुविधा सोहि योजनाको आयोजना व्यवस्थापन (कन्टेन्जेन्सि ) शिर्षक बाट दिने निर्णय गरियो।

निर्णय नं ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा श्री कालिका आधारभुत विद्यालयको पुरानो काम नलाग्ने जीर्ण भवन भत्काउनको लागि प्राविधिक मूल्यांकनको आधारमा स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ठाटीकाँध गाउँपालिका अन्तर्गतका विद्यालय अनुगमन समिति मिति २०८१।०४।२५ गते गठन भई सोहि वैठकको निर्णयानुसार २०८१ भाद्र मसान्त सम्म अनुगमन गरी प्रतिवेदन पेश गर्ने निर्णय भएकोमा सो अवधि भित्र यातायातको असहजता र अन्य विविध कारणले समय सिमा भित्र प्रतिवेदन पेश गर्न नसकिएकोमा सो समितिको म्याद २०८१ फाल्गुन मसान्त सम्म थप गरी प्रतिवेदन पेश गर्ने र अनुगमन गर्दा लाग्ने आवश्यक खर्च विद्यालय अनुगमनका लागि खाना, खाजा तथा वैठक भत्ता शिर्षक बाट रु १ लाख ५० हजार खर्च गर्ने निर्णय गरियो।

CamScanner